धनगढीमाई नगरपालिका
Dhangadhimai Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal Executive
धनगढी, सिरहा, प्रदेश नं. २, नेपाल
Dhangadhi, Siraha, Province No. 2, Nepal
www.dhangadhimaimun.gov.np
mundhangadhi@gmail.com
033-545238

प.सं.(Letter No.): २०७७/७८
च.नं.(Ref.No.):

नगर कार्यपालिकाको कार्यालय धनगढी, सिरहा प्रदेश नं. २, नेपाल

# विज्ञप्ति

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमणबाट धनगढीमाई नगरपालिका पनि उच्च जोखिममा रहेको तथा हाल सम्म १६ जना नगरवासीहरुमा संक्रमण देखिई सकेको छ । यस रोगको प्रवृत्ति हेर्दा यो रोग क्रमशः समुदायस्तरमा फैलन सक्ने सम्भावना भएकोले यसको विस्तारलाई नियन्त्रण गर्न नगरपालिका भित्र मिति २०७७/०४/२५ बाट शुरु भई हाललाई २०७७/०५/१५ गते सम्म बन्दाबन्दी लागू भएको व्यहोरा सबै नगरवासीमा अवगतै छ । नगरपालिका भित्र सिर्जित यस्तो विपद्को अवस्थामा कोभिड-१९ रोगबाट सुरक्षित रहनको लागि आवश्यक उच्च सतर्कता अपनाउन पटक-पटक साबुन-पानीले हात धुन, स्यानिटाईजर प्रयोग गर्न, मास्क प्रयोग गर्न र सामाजिक दूरी (२ मिटर) कायम गर्न सबै नगरवासीमा अनुरोध गर्दछु । यस्तो अवस्थामा घर बाहिर ननिस्कन, भिडभाड नगर्न, सामाजिक क्रियाकलापहरु भोज भतेर नगर्न नगराउन हुन समेत आग्रह गर्दछु । आफैमा सचेत र सतर्क रहने र अरुमा पनि सचेतना अभिवृद्धि गरी यस रोगको संक्रमणलाई न्यूनीकरण गर्दै परास्त गर्न सकिने भएकोले सबै नगर पदाधिकारी, कर्मचारी, सुरक्षाकर्मी, उद्योगी-व्यापारी, किसान, मजदुर, समाजसेवी तथा आम नागरिकहरुलाई उन्नत स्तरको सुझबुझ सहित सचेतना अभिवृद्धि कार्यमा क्रियाशिल रहन आग्रह गर्दछु । यस रोगको रोकथाम गरी थप फैलन नदिन र नगरवासीहरुलाई यस रोगको प्रकोपबाट जोगाउनका लागि नागरिकस्तरमा सचेतनाको विकास गर्न र अन्य आवश्यक सबै सहयोग पुर्याउन नगरपालिका प्रतिवद्ध रहेको व्यहोरा समेत सबै नगरवासीमा अनुरोध गर्दछु ।

मिति: २०७७ साल भाद्र ५ गते

..............................
(हरि नारायण चौधरी)
नगर प्रमुख

हरि नारायण चौधरी
प्रमुख